# हल्दीवारी राजपत्र

हल्दीवारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) झापा, १ नं प्रदेश, नेपाल, चौत्र ४ गते २०७५ साल ( संख्या २५

## भाग १

हल्दीबारी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

झापा, १ नं प्रदेश नेपाल

हल्दीबारी गाउँपालिकाको गाउँ कार्यपालिकालेभाले वनाएको तल लेखिए वमोजिमको हल्दीबारी गाउँपालिकाको खर्चको मापदण्ड, २०७५ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०७५ को ऐन/नियमावली/निर्देशिका/कार्यविधि नं २५

## हल्दीबारी गाउँपालिकाको खर्चको मापदण्ड, २०७५

**प्रस्तावना :-** हल्दीबारी गाउँपालिकाको गाउँ सभा तथा गाउँ कार्यपालिकाद्वारा प्रत्येक आर्थिक वर्षका लागि पारित विविध तथा भैपरी खर्च शीर्षकबाट गरिने खर्च एवम् कार्यालयले आयोजना गर्ने तालिम, गोष्ठी, सभा, सम्मेलन, समारोह आदिमा गरिने खर्चमा एकरुपता, पारदर्शिता तथा अनुमानयोग्यता समेत ल्याउनका लागि दोस्रो गाउँ सभाको निर्णय नं ११ ले दिएको अधिकार प्रयोग गरी हल्दीबारी गाउँ कार्यपालिकाले यो मापदण्डको तर्जुमा गरी लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो मापदण्डको नाम हल्दीबारी गाउँपालिकाको खर्चको मापदण्ड, २०७५ रहेको छ ।

(२) यो मापदण्ड आर्थिक वर्ष २०७५।०७६ देखी नै लागू हुने गरी हल्दीबारी राजपत्रमा प्रकाशन भएका मितिदेखी लागू हुनेछ ।

२. **परिभाषा र व्याख्या** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा-

(क) **"अख्तियार प्राप्त अधिकारी"** भन्नाले देहाय बमोजिमका पदाधिकारीलाई सम्झनुपर्छ :-

- गाउँपालिकाका उपाध्यक्ष वडाध्यक्ष, कार्यपालिकाका सदस्य तथा वडा सदस्यको हकमा गाउँपालिकाका अध्यक्ष,
- गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षको हकमा क्रमश: गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ को उपदफा (४) र उपदफा (५) का पदाधिकारी,
- प्रमुख प्रशासकीय अधिकृतको हकमा गाउँपालिका अध्यक्ष वा उपाध्यक्ष मध्ये कुनै एक ।

(ख) **"प्रतिनिधि मण्डल"** भन्नाले गाउँपालिकाको कामको सिलसिलामा अख्तियार प्राप्त अधिकारीबाट गठित कम्तीमा कम्तीमा दुई वा सोभन्दा बढी पदाधिकारी तथा कर्मचारी सम्मिलित समुहलाई सम्झनु पर्नेछ ।

(ग) **"कार्यालय"** भन्नाले हल्दीबारी गाउँपालिका मातहतको गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयलाई समेत सम्झनु पर्नेछ ।

(घ) **"विविध खर्च शीर्षक (२२७११)"** भन्नाले सभा तथा कार्यपालिकाले चालु खर्च शीर्षकको लागि विनियोजन गरेको रकम सम्झनुपर्छ र, सो शब्दले गाउँपालिका तथा वडास्तरिय आयोजना तथा कार्यक्रममा कन्टिन्जेन्सी वापत् कट्टी गरिएको रकम समेतलाई सम्झनुपर्छ ।

(ङ) **"मापदण्ड"** भन्नाले हल्दीबारी गाउँपालिकाको खर्चको मापदण्ड, २०७५ लाई सम्झनुपर्छ ।

**(च) "गाउँपालिका"** भन्नाले हल्दीबारी गाउँपालिकालाई सम्झनुपर्छ ।

**(छ) "सभा"** भन्नाले हल्दीबारी गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ ।

हल्दीबारी राजपत्र

**(ज)** **"कार्यपालिका"** भन्नाले हल्दीबारी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

**(झ)** **"वडा"** भन्नाले हल्दीबारी गाउँपालिका मातहतका वडालाई सम्झनुपर्छ ।

३. **विविध खर्च शीर्षक (२२७११) बाट गरिने खर्च र यसको सीमा:** (१) कार्यालयले विविध खर्च शीर्षकबाट देहाय बमोजिमका शीर्षकमा खर्च गर्न सक्नेछ :-

(क) स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र खाना सम्बन्धी खर्च,

(ख) कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च,

(ग) बाहिरी प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च,

(घ) अन्य कुनै खर्च शीर्षकमा नपरेको नियमानुसार गर्नुपर्ने विविध खर्च आदि ।

(२) उपनियम (१) बमोजिम गरिने खर्चमा सम्बन्धित वडा कार्यालयले मासिक पच्चीस हजार रुपैया र गाउँ कार्यपालिकाको कार्यालयले मासिक पचास हजार रुपैयाको सीमामा रहेर मात्र खर्च गर्नु पर्नेछ ।

(३) अख्तियार प्राप्त अधिकारीको अनुमतीमा कार्यालयको कामको सिलसिलामा गाउँपालिका क्षेत्रभन्दा बाहिरको स्थानमा रहँदा प्रतिनिधि मण्डलले उपनियम (१) बमोजिमको खर्च शीर्षकबाट मासिक एक लाख रुपैयाको सीमाभित्र रही रकम खर्च गर्न सक्नेछन् । सीमाभन्दा बढीको रकम खर्च गर्नु पर्दा भने कार्यपालिकाबाट अनुमती लिनु पर्नेछ ।

(४) खर्चमा मितव्ययीता अपनाउनका लागि गाउँ कार्यपालिकाको कार्यालयले उपनियम (१) को खण्ड (क) मा उल्लिखित चियापान र खाना सम्बन्धी खर्च तथा खण्ड (ग) मा उल्लिखित अतिथि सत्कार खर्च गर्न पहिलो प्राथमिकतामा आफ्नै भान्साको प्रयोग गर्नु पर्नेछ ।

४. **विविध र भैपरी खर्च शीर्षक (२२५२२) बाट गरिने खर्च र यसको सीमा** : (१) सभा तथा कार्यपालिकाको निर्णयले पूँजीगत खर्च शीर्षकमा विनियोजन गरेको विविध र भैपरी खर्च शीर्षकको सीमाभन्दा बाहिर गएर कार्यालयले खर्च गर्न पाउने छैन ।

(२) उपनियम (१) बमोजिमको खर्च शीर्षकबाट देहाय बमोजिमका शीर्षकमा कार्यालयले खर्च गर्न सक्नेछ :-

(क) विभिन्न संघ संस्थाहरुको क्षमता अभिवृद्दि तथा सुदृढीकरण,

(ख) पूँजीगत प्रकृतिका सानातिना मर्मत संभार,

(ग) सभा तथा कार्यपालिकाको निर्णय बमोजिम अन्य कुनै खर्च शीर्षकमा नपरेको शीर्षक तथा नियमानुसार गर्नुपर्ने विविध र भैपरी आइपर्ने सक्ने पूँजीगत खर्च आदि ।

(३) वडा कार्यालयको हकमा सम्बन्धित वडा समिति र गाउँ कार्यपालिकाको कार्यालयको हकमा कार्यपालिकाबाट उपनियम (१) बमोजिम गरिएको खर्चको अनुमोदन गराउनु पर्नेछ ।

५. <u>स्वीकृत कार्यक्रम भित्रबाट तालिम, गोष्ठी, सेमिनार आदिमा गरिने खर्चको सीमा :</u> (१) सभा तथा कार्यपालिकाबाट स्वीकृत वार्षिक तथा नियमित प्रकृतिका तालिम, गोष्ठी, सेमिनार आदिमा कार्यालयले देहाय बमोजिमको सीमाभित्र रहेर मात्र खर्च गर्न सक्नेछ :-

| सि.नं | खर्च शीर्षकको विवरण | दर (रु) | कैफियत |
|---|---|---|---|
| १ | कक्षा सञ्चालन वापत् अधिकृत स्तरको श्रोत व्यक्तिलाई (प्रति कक्षा) | २,०००।०० | |
| २ | कार्यपत्र प्रस्तुती वापत् अधिकृत स्तरको श्रोत व्यक्तिलाई (प्रति कार्यपत्र) | १,०००।०० | |
| ३ | कक्षा सञ्चालन वापत् सहायक स्तरको श्रोत व्यक्तिलाई (प्रति कक्षा) | १,५००।०० | |
| ४ | कार्यपत्र प्रस्तुती वापत् सहायक स्तरको श्रोत व्यक्तिलाई (प्रति कार्यपत्र) | १०००।०० | |
| ५ | **स्टेशनरी वापत् (प्रति प्रशिक्षार्थी)** | | |
| | (क) ३ दिनसम्मको कार्यक्रमको लागि | ५०।०० | |
| | (ख) ७ दिनसम्मको कार्यक्रमको लागि | १००।०० | |
| | (ग) ७ दिनभन्दा बढी जतिसुकै अवधिको कार्यक्रमको लागि | १५०।०० | |
| ६ | खाजा खर्च वापत् (प्रति सहभागी) | १००।०० | |
| ७ | खाना खर्च वापत् (प्रति सहभागी) | २५०।०० | कार्यक्रम बाँडफाँड स्वीकृत गर्दा कै वखत सहभागीलाई खाना समेत खुवाउने भनी स्वीकृत गरिएको हुनुपर्ने |

हल्दीबारी राजपत्र

| | | | |
|---|---|---|---|
| ८ | यातायात खर्च वापत् (प्रति सहभागी प्रति दिन) | २००।०० | ७ दिनभन्दा बढीको जतिसुकै अवधिको तालिम भएपनि प्रति सहभागी एकमुष्ट दुई हजार रुपैयासम्म मात्र उपलब्ध गराउन सकिने |
| ९ | टिप्पणीकर्ता अधिकृतस्तर (प्रति कार्यपत्र) | ९००।०० | एक कार्यपत्रमा एक जनाले मात्र रकम पाउने। |
| १० | टिप्पणीकर्ता सहायकस्तर (प्रति कार्यपत्र) | ७००।०० | एक कार्यपत्रमा एक जनाले मात्र रकम पाउने |
| ११ | ब्यानर (प्रति गोटा) | १५००।०० | |
| १२ | तालिम सामाग्री स्टेशनरी (प्रति सहभागी) | १००।०० | |
| १३ | तालिम सामाग्री वस्तुगत (जस्तै- मेशिनरी उपकरण, औजार, कच्चा पदार्थ आदि) | विल बमोजिम | स्वीकृत स्पेशिफिकेशन तथा लागत अनुमान अनुसार |
| १४ | विविध खर्च | २०००।०० | |
| १५ | प्रतिवेदक (एक) | १०००।०० | प्रति कार्यक्रम |
| १६ | सहयोगी (प्रति जना) | ५००।०० | एक कार्यक्रममा बढीमा २ जना मात्र सहयोगी राख्नुपर्ने। |
| १७ | हलभाडा तथा अन्य भाडा | विल बमोजिम | सकभर नि:शुल्क उपयोगमा जोड दिनुपर्ने। |
| १८ | कार्यक्रम उद्घाटन एवम् समापन (प्रति कार्यक्रम) | २०००।०० | |
| १९ | बाहिरी श्रोत व्यक्ति भए प्रचलित भ्रमण खर्च नियमावली बमोजिम आतेजाते भ्रमण भत्ता तथा दैनिक भत्ता कार्यक्रम भित्रबाट उपलब्ध गराइने। | | |

(२) गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षले श्रोत व्यक्तिको रुपमा भूमिका निर्वाह गरेमा निजहरुलाई अधिकृतस्तरको र वडाध्यक्ष, कार्यपालिकाका सदस्य र वडा सदस्यहरुले श्रोत व्यक्तिको रुपमा भूमिका निर्वाह गरेमा निजहरुलाई सहायकस्तरको सेवा सुविधा उपलब्ध गराइनेछ।

हल्दीबारी राजपत्र

६. **बाधा अडकाउ फुकाउन सक्ने :** यस मापदण्डमा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्न कुनै द्विविधा वा बाधा अड्चन आईपरेमा कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो द्विविधा वा बाधा अड्चन फुकाउन सक्नेछ ।

हल्दीबारी राजपत्र